


# वृक्षारोपण म्यानुअल
# Plantation Manual

| | |
|---|---|
|  | १. सबैभन्दा पहिले बेर्ना रोप्ने ठाउँमा रहेका झारपातलाई उखलेर ठाउँको सफाई गर्नुपर्दछ । |
| २. बेर्ना रोप्न खाल्टो खन्नुपर्दछ । खाल्टोका लागि डेढ देखि दुई हात चौडाईको गोलाकार वा वर्गाकारमा भुइँ तास्नु वा खुर्किनु पर्दछ । |  |
|  | ३. एकहात जति गहिरो हुने गरी खाल्टो खनेर माटो निकाल्नुपर्दछ । खनेर निस्केको माटो केही दिन बाहिर नै राखी फेरी खाल्टो भित्रै राख्नुपर्दछ । |

| | |
|---|---|
| ४. प्रत्येक खाल्टोको एक आपसको दूरी वृक्षारोपणको उद्देश्य, जमिनको भिरालोपन र प्रजातिअनुसार तय गर्नु पर्दछ । जस्तै रूख प्रजातिको लागी समथरमा २.५ मि. X२.५ मि. |  |
|  | ५. विरुवालाई असर नपर्ने गरि नर्सरीबाट वृक्षारोपण स्थलसम्म विरुवा दुवानी गरेपछि वेर्ना रोप्ने तयारी तर्फ लाग्नुपर्दछ । बेर्ना रोप्नुभन्दा पहिले माटो नखस्ने गरी पुरै प्लास्टिक झिक्नुपर्दछ । यसका लागि धारिलो चक्कु वा छुरा (ब्लेड) ले प्लास्टिकलाई चिर्नुपर्दछ । |
| ६. त्यसपछि माटो नखस्ने गरी पुरै प्लास्टिकको थैली झिक्नुपर्दछ । |  |
|  | ७. बेर्ना रोप्नका लागि पहिले नै खनी पुरीराखेको खाल्टोको बीचमा एउटा प्वाकल बनाउनुपर्दछ । |

| | |
|---|---|
| ८. प्वाकल बनाउँदा प्वाकल थैलीको उचाइ जतिको गहिरो हुनुपर्दछ । कम भयो भने खन्नुपर्दछ र बढी भयो भने माटो भर्नुपर्दछ । |  |
|  | ९. यसपछि बेर्नालाई रोप्नुपर्दछ । बेर्ना रोप्दा सिधा हुनेगरी ठीक गहिराइमा रोप्नुपर्दछ । |
| १०. बेर्ना रोपिसकेपछि बर्नाको चारैतिर दुवै हातले राम्ररी माटो थिच्नुपर्दछ । बिरुवा रोप्दा उक्त ठाउँमा पानी जम्मा हुन मिल्ने गरी खाल्टो पुर्नुपर्दछ । |  |

| | |
|---|---|
|  | १०. वृक्षारोपण वर्षादमा गर्नुपर्दछ । अन्यथा वृक्षारोपण पश्चात विरुवामा पानी सिंचीत गर्नुपर्दछ । |
| ११. पहिले बेर्ना लगाएका ठाउँमा बेर्ना मर्न गयो भने त्यस ठाउँमा फरि बेर्ना रोप्नुपर्दछ । यस्तो कामलाई पुनः रोपण भनिन्छ । यो काम सुरू बेर्ना लगाएको वर्षबाट अर्को वर्षको वर्षातको समयमा गर्नुपर्दछ । |  |

| | |
|---|---|
|  | १२. चौपाया बस्तुभाउबाट बेर्ना बचाउन काँडेदार तारबार बेरेर बेर्ना रोपिएको क्षेत्रलाई, खासगरी बजार क्षेत्र नजिक, सुरक्षित पार्न सकिन्छ । तर तारले घेर्दा धेरै खर्चिलो हुन्छ । |